प्रकाशन मितिः २०७२ साल माघ

# नीतिगत सवाल

## बालबालिकाको पहिचानको अधिकार

### बालबालिकाको पहिचानको अधिकार भनेको के हो ?

बालबालिकाको पहिचानको अधिकार भन्नाले निम्न कुराहरूलाई जनाउँदछ :

- बालबालिकाले जन्मेपछि आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार,
- सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार,
- कुनै पनि बालबालिकालाई स्वतन्त्र व्यक्ति सरह व्यवहार गरिनुपर्ने,
- बालबालिकाको नाम, राष्ट्रियता र पारिवारिक सम्बन्धमा हुन सक्ने गैरकानुनी हस्तक्षेपबाट संरक्षण र हस्तक्षेप भएको अवस्थामा पुनर्स्थापनाको अधिकार,
- बालबालिकाहरूलाई सामूहिक रूपमा विशिष्ट अवस्थाका समुदायको रूपमा हेरिनुपर्ने,

### नेपालको कानुनी ब्यवस्था

नेपालको संविधान, २०७२ ले निर्दिष्ट गरेका बालबालिकाको पहिचानको अधिकारसँग सान्दर्भिक प्रावधानहरू देहाय अनुसार छन् :

**धारा १० (१)** : कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन ।

**धारा ११ (२) (ख)** : नेपालमा स्थायी रूपले बसोवास भएको कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति नेपालको नागरिक ठहर्नेछ ।

**धारा ११ (३)** : यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

**धारा ११ (४)** : नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ ।

**धारा ११ (५)** : नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानुन बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ ।

**धारा ११ (७)** : यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोवास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।

**धारा ३९ बालबालिकाको हक :** (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्म दर्ताको हक हुनेछ ।

नेपालको विद्यमान ब्यक्तिगत घटना दर्ता ऐनले जन्म दर्तालाई अनिवार्य मानेको छ र नेपालभित्र जन्मिएका सबै बालबालिकाको जन्म दर्ता हुनुपर्ने बताएको छ ।

तर, जन्म दर्ता आवश्यकता पर्दा मात्र गर्ने प्रवृत्ति, विदेशी बालबालिकाको जन्म दर्तामा देखिएको कठिनाई र जन्म दर्ता नगरिदिंदा सजाय हुने ब्यवस्थाको अभावमा जिम्मेवार अविभावकहरूले समयमा जन्मको सूचना नदिने र स्थानीय निकायका कर्मचारीले जन्म दर्ता नगरिदिने समस्याहरू रहेका छन् । यस अभ्यासले एक ब्यक्तिले बिना कारण आफ्नो पहिचान गुमाउने खतरा रहेको पाइन्छ ।

नेपाल पक्ष राष्ट्र भएको बाल अधिकार महासन्धि, १९८९ को धारा ७ र ८ ले बालबालिकाको जन्म दर्ता, नाम र राष्ट्रियताको अधिकारलाई उल्लेख गरेको छ ।

प्रस्तावित देवानी कानुनको संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७१ को भाग २ परिच्छेद १ ले प्राकृतिक ब्यक्ति सम्बन्धी ब्यवस्था गरेको छ । यस ब्यवस्था अनुसार प्रत्येक ब्यक्तिलाई जन्मनासाथ ब्यक्तिको मान्यता पाउने, आफ्नो नाम, मर्यादा र प्रतिष्ठाको संरक्षण गर्न पाउने अधिकार छ ।

ब्यक्तिको हैसियतमा रही मृत्यु नभएसम्म प्रत्येक ब्यक्तिले कानुन बमोजिम आफ्नो हक, अधिकार उपभोग गर्न पाउने ब्यबस्था उल्लेख गरिएको छ ।

नेपाल सरकारले सन् २०१४ मा सम्पन्न UN ESCAP को एशिया प्रशान्तस्तरीय बैठकबाट पारित घोषणापत्र अनुसार सन् २०२४ सम्ममा सबैलाई ब्यक्तिगत घटना दर्ता प्रक्रियामा समावेश गरिसक्ने प्रतिबद्धता ब्यक्त गरेको छ ।

### बालबालिकाको पहिचानको अधिकारको महत्व किन छ ?

बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरेको अवस्थामा सबै बालबालिकाको अनिवार्य र सहज जन्मदर्ता तथा परिवारको

# नीतिगत सवाल

कानुनी सम्बन्ध स्थापित हुन्छ । यस अभ्यासले अपराधिक दायित्व एवं अन्य विभिन्न हिंसा दुर्व्यवहारका घटनाहरूमा बालबालिकाको उमेर सुनिश्चित गर्न सहयोग पुऱ्याउँदछ । यस अभ्यासले छुट्टिएर बसेका तथा परिवारबाट विविध कारणले तिरस्कृत भएका बालबालिकाको लागि नागरिकता र परिवारसँगको कानुनी सम्बन्ध स्थापित गर्न सहयोग पुऱ्याउँदछ । बालबालिकाको पहिचान सुनिश्चित गरिने अभ्यासका कारण बालबालिका तथा जनसंख्याको विवरणहरू अद्यावधिक हुने, त्यस अनुसार विकास योजना र सामाजिक सुरक्षाको बजेट विनियोजन र वितरणलाई ब्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँदछ । पहिचानको अधिकारले बालबालिकाको राष्ट्रियता स्पष्ट पार्दछ र राष्ट्रसँगको उनीहरूको ब्यक्तिगत सम्बन्ध स्थापित गर्दछ । यसले नागरिक र राज्यको सम्बन्धलाई बलियो बनाउँदछ र नागरिकलाई राज्यप्रति कर्तब्यपालन गर्न सहयोग पुऱ्याउँदछ । समग्रमा बालबालिकाको पहिचान स्थापित र सुनिश्चित गर्ने कार्यले सुशासन र विकासका क्षेत्रमा नागरिक सहभागिता र लोकतान्त्रिक राज्य निर्माणमा थप सहयोग पुऱ्याउँदछ ।

## नीतिगत सवाल

नेपालको ब्यक्तिगत घटना दर्ताको अवस्थालाई हेर्ने हो भने ४२ प्रतिशतको हाराहारीमा मात्र भएको पाइन्छ । (N-MICS, 2010/N-DHS, २०११) नेपालमा गरिएको अध्ययन अनुसार जन्म दर्ताको अवस्था करिब ७६ प्रतिशत भए पनि आन्तरिक बसाइँसराइ सम्बन्धी दर्ता भने केवल ६० प्रतिशतको अवस्थामा मात्र रहेको छ । जन्म दर्ताको अभ्यासमा देखिएको जटिलता तथा नागरिकताको संवेदनशीलताका आधारमा लाखौं बालबालिकाहरू जन्म दर्ता हुन नपाई नाम, पहिचान र राष्ट्रियताको अधिकारबाट बञ्चित भइरहेका छन् । जन्म दर्ता नभएका कारण बालबालिकाहरू सरकारी निकायबाट उपलब्ध भइरहेका शिक्षा, स्वास्थ्य लगायतका सामाजिक संरक्षणका प्रावधानहरूको उपभोग गर्नबाट बञ्चित भइरहेका छन् । जन्म दर्ता नभएको तथा पहिचान स्थापित नभएका कारण बालश्रम, यौन हिंसा तथा बेचबिखन प्रभावित बालबालिका एवं बिज्याई गरेका बालबालिकाको उमेर निर्धारणका सवालमा जटितलताहरू देखिएका छन् ।जन्म दर्तामा देखिएका तथ्याङ्क प्रणालीमा रहेको कमजोरीहरूको फाइदा उठाई कम उमेरका बालबालिकाहरू पनि उमेर बढाएर वैदेशिक रोजगारीमा गएका र समस्यामा परेका धेरै घटनाहरू बाहिर आएका छन् । विपदका समयमा प्रभावित बालबालिका र तिनका परिवारहरूलाई समयमै तोकिएका राहत तथा संरक्षण सुविधा उपलब्ध गराउन जटिलताहरू देखिएका छन् ।

## के गर्न सकिन्छ ?

पछिल्लो समयमा दलित बालबालिका तथा अपाङ्गता भएका ब्यक्तिहरूलाई उपलब्ध हुने सामाजिक संरक्षणका उपायहरूका कारण उनीहरूको जन्म दर्ता तथा परिचयपत्र बनाउने कार्यमा उल्लेख्य प्रगति भएको पाइन्छ । तसर्थ जन्म दर्ता र पहिचानको पञ्जिकरणलाई सामाजिक संरक्षणका कार्यक्रमहरूसँग जोड्न जरूरी छ । जन्म दर्तालाई राज्यका सेवा सुविधा प्राप्त गर्न सकिने मूल आधारको रूपमा प्रचार गरी यसको महत्व र आवश्यकताको बारेमा ब्यापक जनचेतना अभिबृद्धि गरिनु पर्दछ । नेपाली नागरिकका बालबालिकालाई राज्यविहीन हुनबाट रोक्नका लागि नागरिकता ऐन तथा कार्यविधिहरूमा विभेद, हिंसा, पारिवारिक द्वन्द्व तथा विस्थापनका कारणबाट देखिएका जटिलताहरू समाधान गर्न पर्याप्त र सहजीकरणका प्रावधानहरू समावेश गर्ने । जन्म दर्तालाई सम्बन्धित बालबालिकाको पहिचान र नामको अधिकारसँग स्थापित गर्ने र सबै बालबालिकाको जन्म दर्ता हुने कुरा सुनिश्चित गर्ने । विभिन्न कारणले कानुनी दस्तावेज गुमाएका कारण पहिचान गुमाउने खतरामा रहेका र राज्यविहीन हुने खतराबाट जोगाउन सबै जिल्ला विकास समितिका कार्यालयहरूमा जन्म दर्ता सहजीकरण तथा सबै जिल्ला प्रशासन कार्यालयहरूमा नागरिकता सहजिकरण इकाइ स्थापना र सञ्चालन गर्ने । ब्यक्तिगत घटना दर्तालाई थप प्रभावकारी र उपयोगी बनाउन ब्यक्तिगत घटना दर्ताका लागि राज्यको लगानी बढाउने, आधुनिकीकरण गर्ने । बालबालिकाको पहिचान, नाम र राष्ट्रियताको विषयलाई निश्चित लिंग, धर्म, जात वा समुदायको अधिकारसँग मात्र जोडेर नहेर्ने, बरू स्वतन्त्र ब्यक्ति र नागरिक निर्माणको विषयको रूपमा स्वीकार गर्ने र राष्ट्र निर्माणको प्रक्रियामा बालबालिकालाई सदस्यको रूपमा स्थापित गर्ने ।

बालबालिकाको पहिचान सम्बन्धी नीतिगत सवालमा तयार गरिएको यो जानकारी पत्र विधायक, नीतिनिर्माता, नागरिक समाज तथा पैरबीकर्ताहरूका लागि बालअधिकारकर्मिहरू तथा सञ्जालहरूको सामुहिक परामर्शबाट तयार पारिएको हो ।

यो जानकारी पत्र हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्चद्वारा युनिसेफ, नेपाल कार्यलयको आर्थिक सहयोगमा प्रकाशन गरिएको छ ।

थप जानकारीका लागि :

**हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च**

बुद्धनगर-१०, काठमाडौं,

फोन ९७७-१-४७८३७९१,

email: hidrnepal@gmail.com

www.hidrnepal.com